जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- १६, २०८१ मंसिर १३ गते विहीबार, 28 Nov. 2024, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

२४२ किलो गाँजासहित ५ जना नियन्त्रणमा



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर प्रहरीले लागूऔषध गाँजा २४२ किलो सहित ५ जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले ३ दिनको अवधिमा उक्त परिमाणको गाँजासहित ५ जनालाई नियन्त्रणमा लिएको हो ।

बुधबार १६० किलो गाँजासहित गोरखा भिमसेन थापा गाउँपालिका ६ का २८ वर्षीय अमीर मियालाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको हो । मकवानपुरको भीमफेदी गाउँपालिका ३, भैंसेस्थित प्रहरी चेकपोष्टमा पालुङबाट हेटौंडातर्फ आउँदै गरेको प्र. न. ३-०१-०३३ च ८०४७ नम्बरको योद्धा गाडीबाट ३० वटा पोकामा १६० किलो गाँजा बरामद गरी थापालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी प्रहरीले पुर्व पश्चिम लोकमार्ग अन्तर्गत हेटौडा उपमहानगरपालिका १९ तिनताप्केबाट ७१ किलो ७०० ग्राम गाँजा सहित राक्सीराङ गाउँपालिका वडा नंबर ९ बस्ने २० वर्षीय मिलन घलान र सोही गाडीमा सवार सोही स्थानका २६ वर्षीय दावा शिङलाई नियन्त्रणमा लिएको थियो।

मनहरीबाट हेटौडातर्फ आउँदै गरेको प्रदेश ३-०१-०३४ च ३०५९ नम्बरको पिकअप गाडीबाट उक्त परिमाणको गाँजासहित उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । यस्तै मनहरी गाउँपालिकाबाट १० किलो २५० ग्राम गाँजासहित ३ जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । मकवानपुरको मनहरी गाउँपालिका ९ भलादमी चोकस्थित पुर्व पश्चिम सडकबाट उक्त परिमाणको गाँजासहित मनहरी गाउँपालिका ८ बस्ने २८ वर्षीय रामकुमार परियार र मनहरी ९ बस्ने ३६ वर्षीय रामकुमार स्याङबोलाई प्रहरीले नियन्त्रणमा लिएको हो। मनहरीबाट हेटौडा तर्फ आउदै गरेको ना १ ह ५०३३ नम्बर को अटोमा सवार उनीहरूलाई गाँजा सहित नियन्त्रणमा लिइएको मकवानपुर प्रहरीले जनाएको छ ।

रैथाने बालीमा आकर्षण

हराभरा बन्दै बाँझाबारीहरू, न्यूनतम मुल्य तोकिएपछि किसान हुक्क



○ सहीखबर संवाददाता

मकवानपुर । काम गर्ने जनशक्ति गाउँमा पाउन छाडेपछि बाँझै रहेको मकवानपुरगढी गाउँपालिका ९ का कमलबहादुर खड्काले अहिले ४ रोपनी बारीमा कोदो र जुनेलो लगाएका छन् । बाँदरले बाली हुर्कने दिदैँनष्यो अब कोदोमा पनि दुख त दिन्छ, तर ब्यापारमा समस्या नहुने भएपछि आँट गरेँ उनले भने । उनी मात्रै हैन अहिले स्थानीय अन्यले पनि रैनाथे बालीहरू लगाएका छन् ।

स्थानीय सरकारले रैथाने बालीको न्यूनतम समर्थन मुल्य तोकेपछि मकवानपुर जिल्लामा रैथानेबाली प्रति स्थानीयको आकर्षण बढेको छ । मकवानपुरका दुई स्थानीय तहहरूले रैथाने बाली र त्यसमा पनि विशेष गरी कोदो, फापर र जुनेलो खेतीलाई अनुदान दिएर प्रोत्साहन गर्न थालेका छन् । मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले दुइ वर्ष अघि पहिलो पटक रैथाले बालीलाई अनुदान दिएर व्यापारको लागि समेत सहजिकरण गरेको थियो । यसैको सिको गर्दै जिल्लाको भीमफेदी गाउँपालिकाले गत आवदेखि रैथाने बालीलाई प्रोत्साहन गर्न थाल्यो ।

स्थानीयले उत्पादन गरेको रैथाने बालीलाई प्रर्वद्धन गर्न स्थानीय तहहरूले ग्रामिण सहकारीहरूमार्फत संकलन र व्यापारको लागि सहजिकरण गरेपछि बाँझाबारीहरूमा जुनेलो, कोदो, फापर जस्ता रैथाले बालीले हराभरा देखिन थालेका छन् ।

मकै खेती राम्रोसँग नफस्टाएपछि आजित भएका राघब हुमागाई अब कोदो खेती तर्फ आकर्षित भएका छन् । स्थानीय सरकारले रैथाने बालीलाई प्रोत्साहन गरेपछी उनी त्यसतर्फ आशावादी भएका हुन् । स्थानीय सरकारले स्थानीय कारी र फलफँलमा अनुदान दिएपछि मकवानपुरगढी गाउँपालिकाका कृषकहरू तरकारी खेतीतर्फ आकर्षित भएका थिए । अहिले स्थानीय रैथाने प्रजातिको बालीमा न्युनतम समर्थन मुल्य तोक्दै अनुदानको समेत व्यवस्था गाउँपालिकाहरूले गरेका छन् ।

मकवानपुरगढीले कोदो र फापर को ब्रान्डिङका साथसाथै बजारीकरण पनि गर्न थालेको छ । गाउँपालिकाले कोदो, फापर र जुनेलोको न्यँनतम मँल्य पनि तोकेको छ । हेटौंडा उपमहानगरपालिकासँगै जोडिएको मकवानपुर गढी गाउँपालिका ४ कालीखोलाका सुकुमबहादुर घलानले दुई वर्षअघिसम्म सात रोपनी जग्गामा कोदो रोप्थे । त्यहाँ उत्पादन भएको कोदासमेत बिक्री नभएर उनी आजित थिए । पहिले पहिले घरेलु मदिराको लागि अलिअलि व्यापार हुन्थ्यो, घरेलु मदिरा बिक्रिमा प्रहरी/ प्रशासनले कडाइ गरेपछि त्यै पनि रोकियो । अनि उनले कोदो बाली लगाउने छाडेका थिए । स्थानीय सरकारले बजारको व्यवस्थासँगै समर्थन मँल्य तोकेकापछि घलानले यस वर्ष १० रोपनी जग्गामा कोदो रोपेका छन् । उनी अहिले हावा पानी र माटो सुहाउँदो अन्न तथा नगदे बालीलाई प्रोत्साहन गर्ने नीति लिएपछि किसानमा केही आशा बढेको भिमफेदी गाउँपालिका ५ की कान्छीमाया बजुले बताइन् । अघिल्लो कार्यकालका जनप्रतिनिधिहरूले तर जग्गामा कोदो रोपेकी छिन् । दुई वर्षअघिसम्म उनले दुई रोपनी जग्गामा मात्र कोदो रोपेकी थिइन् । कमल खड्का सुकुमबहादुर घलान र अम्बिका चौलागाईले मात्र होइन, मकवानपुर गढीका १, ३, ४, ७ र ८ नम्बर वडाका अधिकांश बासिन्दाले अहिले कोदो खेती गर्न थालेका छन् । कोदोको मूल्य पनि राम्रो र बिक्री गर्न पनि समस्या नभएकाले यो रोप्न थालेका उनीहरू बताउँछन् । कोदो बिक्रीमा समस्या भएपछि उनीहरूले गाई वस्तुलाई घाँसका रुपमा नल (कोदोको सुकेको बोट) खुवाउनका लागि कोदो खेती गरिन्थ्यो, अहिले कमाइको निम्ति यसको खेती गरिन थालेको छ ।

मकवानपुरगढी गाउँपालिकाले कोदो प्रतिकेजी ६० रूपैया समर्थन मँल्य तोकेको छ । जुनेलोको प्रतिकेजी ८४, तितेफापर ९० र मिठेफापर १०५ रूपैयाँ न्यँनतम मँल्य तोकेको छ । किसानद्वारा उत्पादित कोदो, फापर र जुनेलो स्थानीय सहकारीमा बिक्री गर्दा गाउँपालिकाले कृषकलाई प्रतिकेजी ६ रूपैयाँ र सहकारीलाई बजारको व्यवस्थापन गर्न प्रतिकेजी ४ रूपैयाँ अनुदान दिने

बाँकी पेज ५ मा

गाउँपालिकाले कोदो, फापर र जुनेलोको बजारीकरण गर्न ब्रान्डिङसहित बजारमा पिठो ल्याएको छ ।

व्यक्तिगत घटना दर्ता गरौं व्यक्तिगत घटना दर्ता के हो ? किन अनिवार्य दर्ता गराउनुपर्छ ?

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ । राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

सबै प्रकारका व्यक्तिगत घटना कहाँ र कहिले दर्ता गराउनु पर्दछ ?

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि बिलम्ब शूल्क रु २००/- तिरी दर्ता गराउन सकिन्छ ।

घटना दर्ता गर्न कसलाई सूचक राख्ने ?

जन्म, मृत्यु र बसाई सराई घटना दर्ताको लागि सूचकको रूपमा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य रहन सक्छन्। विवाह दर्ता गर्न पति र पत्नी दुवै आवश्यक पर्दछ। सम्बन्ध विच्छेद दर्ताको हकमा पति वा पत्नी मध्ये एक सूचक रहन सक्छन् ।

व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ जारी हुनु भन्दा अघि घटेका घटना कसरी दर्ता गराउन सकिन्छ ?

जन्म, मृत्यू तथा अन्य पटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भइ सम्बन्धित जिल्लामा लागू हुनु भन्दा अघिको घटना दर्ता गरी प्रमाण पत्र जारी गर्न मिल्दैन । यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडा कार्यालयमा गई वडा अध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन् ।

व्यक्तिगत घटना दर्ता गर्न किन सूचकको नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ ?

सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न, सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सथकको स्पष्ट परिचय, उमेर खुले प्रमाणका रूपमा नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने हुन्छ ।

११ न. वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

२०८१ मंसिर १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक :- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

उप निर्वाचनलाई मर्यादित बनाउ

निर्वाचन लोकतान्त्रिक प्रकृया हो । लोकतन्त्रमा मताधिकारको सदुपयोग र मताधिकारको सम्मानलाई सर्वोपरी मानिन्छ । तोकिएको समयमा भएको निर्वाचनले चयन गरेको प्रतिनिधिहरूको पद रिक्त रहेको अवस्था सो क्षेत्रमा सोही पदको लागि तोकिएको समयमा उपनिर्वाचन गर्ने व्यवस्था छ । सोही अनुसार आगामी १६ मंसिरमा देशभरबाट ४१ जना प्रतिनिधिहरू चयन हुँदै छन् । उपनिर्वाचनले जनताको प्रतिनिधित्व सुनिश्चित गर्दै लोकतान्त्रिक प्रणालीको निरन्तरता कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यद्यपि, पछिल्लो समयमा नेपालमा भएका उपनिर्वाचनले विभिन्न प्रकारका विवाद र अस्वस्थ प्रतिस्पर्धा उत्पन्न गरेको छ। यसलाई मर्यादित र निष्पक्ष बनाउनका लागि सबै राजनीतिक दल र समाजका सरोकारवालाले आ आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्न आवश्यक छ।

उपनिर्वाचनको मुख्य उद्देश्य भनेको लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउने र जनताको इच्छा अनुसार सरकार गठनमा सहयोग पुर्‍याउने हो। तर, जब यसमा साँचो अर्थमा मर्यादित प्रक्रिया अपनाइँदैन, तब यसले लोकतान्त्रिक प्रक्रिया र जनतामा विश्वासको कमी ल्याउन सक्छ। एकातिर जनताको आकांक्षाहरुलाई सम्बोधन गर्ने उद्देश्यले उपनिर्वाचन प्रक्रिया गरिन्छ भने अर्कोतिर यसमा प्रतिस्पर्धा र शक्ति संघर्षका कारण समस्या निम्त्याउँछन्। यसले राजनीतिक दल र उम्मेदवारहरु बीचमा अस्वस्थ प्रतिस्पर्धा र गालीगलौचलाई बढावा दिन्छ, जसले निर्वाचनको मर्यादा र निष्पक्षतालाई प्रभावित पार्दछ।

निर्वाचनमा आर्थिक चलखेल बढी नै हुने गरेको छ, यद्यपी निर्वाचन कानूनले खर्चको सिमा निर्धारण गरेको छ। धनको प्रभावले गर्दा धनाढ्य उम्मेदवारहरुले प्रलोभनमा मत प्राप्त गर्न सक्छन्,जसले जनताको प्रतिनिधित्वलाई कमजोर बनाउँछ। यो अवस्था नआओस् भनेर मतदाताहरू नै सबैभन्दा बढी सचेत र मर्यादित हुनु आवश्यक छ। सचेत बनौं, उपनिर्वाचन सभ्य, मर्यादित र धाँधलीरहति बनाऔं ।

स्काईवाकमा एकछिन अडिँदा...



आरती लम्साल

आकाश सीमा होइन। यो एउटा विशाल क्यानभास हो जहाँ रङहरू खेल्छन्। आकाश अन्त्य होइन। त्यो बाटो हो ताराहरू भेट्ने। हाम्रो पहुँचलाई लोभ्याउने। धर्तीको यात्राभन्दा फरक।

अडिग पहाडहरू, लुकामारी खेलिरहेका बादलहरू, अनन्त-अनन्त छ आकाश। फराकिलो क्षितिज पार गर्दै बोलाइरहेछ मलाई। त्यसैले त उड्न मन छ। समयले कोरेका बन्धनहरू पार गर्दै।

स्काईवाकको करिब २५ तला अग्लो टावर चढेर काठमाडौं नियालिरहँदा निलो गगनले मलाई अँगाल्न आँटे जस्तो काउकुती लागिरहेको थियो। हामी मौन संवादमा थियौं । काठमाडौंमै हुर्केर पनि काठमाडौं नचिनेको मलाई सबै सबै नियाल्न लगाइरहेथ्यो । वल्लो कुनादेखि पल्लो कुनासम्म । निलो आकाशमा पनि सेता बादलहरू । त्यै बादलुको पहिरन जस्तै सेताम्मे भएर स्काईवाक उक्लिएकी म। कस्तो मिठो संयोग ।

सुरूमा २२ तला लिफ्टमा अनि त्यसपछि ३ तला भर्‍याङ उक्लिनु पर्ने रहेछ। लिफ्टभित्र हुँदा 'यो लिफ्ट यहीं अड्किए के होला ?' भन्ने उट्पट्याङ सोच नआएको होइन। नेपालमा यति माथिसम्म उक्लिन लागेको यो पहिलो पटक थियो ।

अझ सिसामा हिँड्न जुत्तालाई कभर गर्नुपर्ने नियम रमाइलो थियो। सुरूमा त सिसाको सतहमा पाइला टेक्दा डरले मुटु ढुकढुक भयो। तल खसिएला कि जस्तो अनुभव तर, जब आँखा आकाशतर्फ लगें उसैको सान्त्वनामा बिस्तारै हिँड्न थालें। त्यो डरले कुन बेला हो, पखेँटा हालिसकेछ। अब भने त्यही सिसामाथि मज्जाले सुतेर आकाशसँग धेरैबेर बात मारँ। त्यो सिसाको पारदर्शिताले मलाई वायुमण्डलको एउटा अदृश्य पुलमा रमाइरहेछु जस्तो लाग्यो।

म झन् माथि चढें, जहाँबाट उपत्यकाको विशालता अझै स्पष्ट देखिन्थ्यो। त्यो उचाइबाट हेर्दा काठमाडौं सहर बिस्कुनझैं फिँजिएको थियो, फैलिएको थियो। टाढा-टाढा क्षितिजसम्म ठूला-ठूला घरका छतहरू, घना बस्ती। बेला बेला जिस्किन आउने बतासमा सहरको चहलपहलले संगीत भर्दै थियो। मुन्तिरको सडकहरूमा देखिने स-साना गाडीहरू चलायमान अंकहरू झैं लाग्थे। ती बाटामा बटुवाका पाइला, गुडेका गाडीहरूले समयको गतिसँगै कथाहरू कोरिरहेझैं लाग्थ्यो। अलि टाढै हो तर संसद् भवनमा भित्र बाहिर गरिरहेका सांसदहरू पनि साना देखिन्थे। सबभन्दा महत्त्वपूर्ण कुरा त राज्यको केन्द्रीय सचिवालय सिंहदरबारमा फहराइरहेको झण्डा पनि मैलो देखिन्थ्यो।

आँगनमै थिए, नारायणहिटी, टुँडिखेल, घण्टाघर, मुलुकै पुरानो त्रिचन्द्र क्याम्पस, प्रज्ञा प्रतिष्ठान र दुवो र लड्डुमा रमाइरहेका कमलादी गणेशजी। तर मेरा आँखाले खोजिरहेथे, हाकुपटासी, बुलिन, खिँ र धिमेको धार्मिक धुन। त्यो पुरानो सांस्कृतिक उपत्यकालाई विकासको अस्पष्ट बर्कोले छोपेजस्तो लाग्यो।

अलि पर देखें स्वयम्भूनाथ। तर देखिनँ स्वयम्भूनाथका मैत्री र करूणाका दुई आँखा। छेवैमा थियो सेतो गुम्बा र सुनौलो स्तूप। उसले पनि खोजे जस्तो लाग्यो बुद्धको विपश्यना।

आकाशको काखमा लडिबुड गरिरहेका बादल चुमेर उडिरहेका जहाज बाटो खोजिरहेथे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको। फुलचोकीबाट छिरेर हवाई अड्डामा नपुगुन्जेल हेरिरहें त्यसैलाई। छेवैमा अरू कोही उड्ने तयारीमा त कोही ओर्लिरहेका। तर ती जहाजलाई के थाहा बूढानीलकण्ठको विशाल मूर्ति, कृष्ण मन्दिरको कला र भक्तपुरमा तलेजुको तन्त्र महिमा।

मलाई विमानले उडान भर्ने उचाइ र स्काईवाकमा बसेर आकाश अँगाल्ने मेरो उचाइ उस्तै उस्तै लागिरहेथ्यो। यता काठमाडौं प्रवेशद्वार, चारै भन्ज्याङमा पनि त लर्को थियो सपना बोकेर उपत्यका छिर्नेहरूको।

तर एकाएक मेरो आँखा नेपालको पहिलो पाँच तारे होटल, होटल अन्नपूर्णमा गएर रोकियो। त्यहाँ निर्माण तीव्र छ। भनिन्छ भत्कनु पनि निर्माणको प्रारम्भ हो। त्यै अवस्थामा छ अन्नपूर्ण ।

नजिकै थियो बुढो घण्टाघर। रानीपोखरीमा वर्षौंदेखि प्रेमको बल्झी हानिरहेको। समय र प्रविधिले पनि कति साथ दिएको, घण्टाघरको उचाइलाई उछिन्ने गरी अर्को उस्तै टावर बने पनि, त्यही टावरमा बसेर, त्यो प्रेमालापको साक्षी हुन पाइने। म भने अनन्त आकाशसँग मेरो प्रेमको पनि साक्षी खोजिरहेथें।

मुन्तिर नियाल्दा, दरबार हाई स्कुलको प्राङ्गणमा पङ्क्तिबद्ध विद्यार्थीहरू थिए। सायद उनीहरू राष्ट्रिय गान गाउँदै थिए । मानौं उल्लास र अनुशासन अभ्यास गरिरहेका कलिला नानीहरूको काँधमा थियो पूरै देशको भविष्य।

ठिङ उभिएको थियो पुरानो राजदरबार, आजको नारायणहिटी दरबार संग्रहालय। आफ्नो शाही गौरव सम्झाउँदै थियो बेला बेला। विशाल परिसर र बगैंचाले सहरको बीचमा सुन्दरताको अर्को आयाम थपेको थियो।

अलिक पर, सुन्दर नवनिर्मित धरहरा, हिजोको विरासतको गर्वसहित आकाशतर्फ फर्किएको थियो । आकाशतिर त स्काईवाकको टुप्पोमा पनि झन्डा फरफराइरहेको थियो । त्यै झण्डाले बोकेको थियो यो सहरको बलियो पहिचान ।

धरहरा अघिल्तिरको टुँडिखेल, खेल मैदान जस्तै देखिएको थियो। इतिहासको हरेक कालखण्डको साक्षी खुलामञ्च, साँच्चै खुला थियो। पुस्तौं पुस्ताको जीवन रक्षा गरेको वीर अस्पतालको सुकिलो विरासत-इतिहास र आधुनिकताबीचको अद्भुत साक्षात्कारजस्तो लाग्थ्यो ।

आकाशमा उडिरहेका परेवा र चरा-चुरूङ्गीहरूले स्वच्छन्दता सिकाइरहेका थिए। अनि म उभिएको त्यो ठाउँ–स्काईवाक, मानौं एउटा विश्राम विन्दु हो, जहाँ समय केही क्षण थामिएको छ र मेरो मनले यो सहर, यो आकाश, यो क्षितिजलाई बिर्सन नसक्ने गरी चित्र कोरिरहेको छ। म आकाशलाई हेर्छु ऊ सूर्यको मधुर प्रकाशले मेरो भावनालाई उज्यालो बनाउँदै थियो। ऊर्जा थप्दै थियो ।

शिवपुरी राष्ट्रिय निकुञ्जको हरियो जंल आँखामा छुट्टै सुखद अनुभूति ल्याउँदै थियो। धुवाँ र कोलाहलले भरिएको सहरको बीचमा हरियो बलियो उभिएको शिवपुरीले प्रकृतिको अचल शक्ति महसुस गराइरहेको थियो। सधैंझैं शान्त रसमा मौन उभिएका थिए फूलचोकी र चन्द्रागिरि।

स्काईवाकको उपल्लो टावरबाट चारैतिर नियाल्दा काठमाडौंका यी सबै ऐतिहासिक, प्राकृतिक र आधुनिक स्थलहरूले मनै लोभ्याउने कथा सुनाइरहेका थिए। स्काईवाकको उचाइले मात्र होइन, अनुभवले पनि मलाई अझ उचाइमा पुर्‍याएको थियो। मौन मुस्कुराउँदै थिएँ म। अनि मलाई नियालिरहेको आकाश बोलिरहेको थियो - "यो त तिम्रो यात्राको एउटा विश्राम मात्र हो बेला, गन्तव्य अझै पर छ ।"

कसरी पुगिन्छ, कति लाग्छ शुल्क ?

काठमाडौं उपत्यकाको मुटुमा रहेको स्काईवाक पुग्न सजिलो छ। र त्नपार्कबाट जम्मा पाँच मिनेट पैदलमै पुगिन्छ। आफ्नै गाडीमा आउनेलाई पार्किङको सुविधा छ। यहाँको रोमाञ्चक अनुभवका लागि १ हजार तिर्नुपर्छ। अझ थप उचाइमा उक्लिन चाहनुहुन्छ भने, अर्को ५ सय तिरेर त्यसको आनन्द लिन सकिन्छ ।

८० वर्ष माथिका ज्येष्ठ नागरिक र ३ फिट उचाइसम्मको बालबालिकाले भने नि:शुल्क मज्जा लिन पाउनेछन् स्काइवाकको। ७० देखि ८० वर्षसम्मका ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट छ । स्काईवाक बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म खुल्छ।

आरती लम्सालको फेसबुकबाट

२०८१ मंसिर १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

२० वर्षअघि सेनाले लगेका श्रीमान् पर्खिरहेकी मनमाया

○नवीन तिमल्सिना



मकवानपुर । मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका-७, रमनटारकी ७१ वर्षीया मनमाया तामाङ २० वर्षदेखि श्रीमान् पर्खिबसेकी छन् ।

७ चैत २०६१ मा घर नजिकैबाट हराएका मनमायाका ६० वर्षीय श्रीमान् कृष्ण तामाङको अझै अत्तोपत्तो छैन । श्रीमान् घर फर्किने मनमायाको आशा भने जीवितै छ । "सरकार मेरो लोग्नेको लाश देखाइदेउ की सास पठाइदेउ" मनमाया भन्छिन्, "मैले मेरो लोग्ने कहाँ छ भनिदेऊ भनेकै २० वर्ष भइसक्यो । कोही केही बोल्दैनन् ।"

कृष्ण तामाङ धादिङ गजुरीबाट ५० को दशकको अन्तिमतिर मकवानपुरको रमनटारमा बसाइँ सरेर आएका थिए । त्यहाँ वन फाँडेर टहरा बनाए । उनले ज्यालादारी र झारफुक गरेर परिवार पाल्दै आएका थिए ।

देशमा गृहयुद्ध चलिरहेको एकदिन गाउँ डुल्न निस्किएका कृष्ण घर फर्किएनन् ।

५ मंसिर २०६३ मा शान्ति सम्झौता पश्चात बिराम लियो । तर कृष्ण घर फर्किएनन् । गाउँकै कबुलियती वन छेउको सडकबाट कृष्णलाई सेनाको गाडीमा हालेर लगेको त्यहाँ काम गर्ने सडक विभागका कर्मचारीले आफूलाई भनेको मनमाया सम्झन्छिन् ।

"म श्रीमान् खोज्दै सुनाचुरी ब्यारेकसम्म पुगें, ब्यारेकका सेनाले फोटो मागे" उनी भन्छिन्, "मसँग उहाँको एउटै तस्वीर थियो, जुन सेनालाई दिएँ तर, सेनाले न श्रीमान् फिर्ता गऱ्यो, न उनको तस्वीर ।"

अब मनमायासँग कृष्णको चिनोको रूपमा नागरिकतामा टाँसिएको एकथना श्यामश्वेत तस्वीर मात्रै बाँकी छ, त्यसको पनि समयले रङ खोसिसकेको छ ।

पानी चुहिने छाप्रोमा तीन नाबालकसहति पाँच बालबच्चा छोडेर मनमाया श्रीमानलाई खोज्न चितवनदेखि हेटौंडा पटक-पटक धाइरहिन् । श्रीमानको फोटो बोकेर कहिले मनहरीदेखि सुनाचुरी (चितवन र मकवानपुरको सीमा क्षेत्र) र कहिले धादिङ गजुरीको सेनाको ब्यारेकसम्म पैदल हिंडेरै पुगिन् । तर, कृष्णको अत्तोपत्तो कसैले बताएनन् ।

श्रीमान् खोज्दै हिंडेको ८ महिनापछि छिमेकीले कृष्ण चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको बताए । मनमाया कसरा पनि पुगिन् । "कसरामा गएर सोध्दा श्रीमानको कसैसँग गाउँघर तिर रिसिबी थियो, कसैसँग दुश्मनी थियो ? भनेर सोध्नुभयो । मैले कसैसँग पनि दुश्मनी गर्ने, झगडा गर्ने मान्छे होइन भनें" मनमाया भक्कानिदै भन्छिन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।
● सहीखबर साप्ताहिक

मनमायाका अनुसार कृष्ण राजनीतिमा लागेका पनि थिएनन् । कसैसँग दुश्मनी पनि थिएन । तर खै कसको आँखामा परे थाहा छैन । "कांग्रेसको समर्थक थिए तर नेता होइनन्" मनमाया भन्छिन्, "सोझा थिए, जाँडरक्सी, जुवातास खेलेको पनि थाहा छैन मलाई ।"

तर गजुरीबाट बसाइँ सरेर आएपछि घर बनाउने क्रममा कृष्णले कुम्भीको एउटा रुख काटेको विषयलाई लिएर वनपालेसँग विवाद भने भएको थियो । त्यतिबेला कृष्णले रिसको झोंकमा "साल ढालेको होइन, कुम्भी ढाल्दा पनि कति कराएको ?" भनेको मनमाया सम्झन्छिन् । त्यतिबेला वनपालेहरूले "एकदिन कसैले थाहा नपाउने ठाउँमा पुऱ्याइदिन्छु" भनेर धम्क्याएको मनमायालाई अझै याद छ । तर, श्रीमान् बेपत्ता भएको पाँच महिनापछि वनपालेलाई सोध्दा उनीहरूले "थाहा नपाएको तर, सेनाले लगेको हुनसक्ने" बताएका थिए ।

कसराको चिठ्ठी चार महिनासम्म गुपचुप

खोजी गर्ने क्रममा कृष्ण हराएको १० महिनापछि उनी जिल्ला प्रशासन कार्यालय मकवानपुरमा पुगिन् । त्यतिबेला प्रमुख जिल्ला अधिकारीले चार महिना अगाडि नै चितवन राष्ट्रिय निकुञ्जको कसराबाट उनको नामको चिठ्ठी आएको र त्यो तत्कालीन गाविस कार्यालयमा पठाइदिएको मनमायालाई सुनाएका थिए ।

मनमाया चिठ्ठी खोज्दै गाविस फर्किइन् । कैलाश गाउँपालिकाका निवर्तमान अध्यक्ष टंक मोक्तानको तत्कालीन भार्ता गाविसस्थित घरमा चिठ्ठी बुझिन् ।

उनका अनुसार त्यो चिठीमा कसरा ब्यारेकका सेनाले कृष्णलाई नियन्त्रणमा लिएको र गैंडा मारेको आरोपमा १० वर्ष जेल र एक लाख जरिवाना गरिएको व्यहोरा उल्लेख थियो ।

"चार महिना चिठ्ठी त्यतिकै राखिएको रहेछ । मैले टंक बाबुलाई चिठ्ठी आएको कुरा मलाई किन नभनेको भन्दा आफूलाई याद नै नभएको भन्नुभयो" मनमायाले त्यो क्षण सम्झिइन् ।

त्यसपछि टंककै सल्लाहमा मनमायाले हेटौंडास्थित पुनरावेदन अदालत (हालको उच्च अदालत पाटन हेटौंडा इजलास) मा निवेदन दिइन् । पुनरावेदनले १० दिनपछि निवेदन खारेज गरिदिएसँगै उनी निरास भएर घर फकिएकी थिइन् ।

कैलाश गाउँपालिकाका निवर्तमान अध्यक्ष मोक्तानले कृष्णलाई चितवनस्थित कसरामा नेपाली सेनाले लगेर राखेको घटना साँचो भएको बताए । "त्यतिबेला कृष्ण तामाङलाई कसरामा राखेको कुरा साँचो हो । उहाँमाथि गैंडा मारेको आरोप लगाइएको थियो"उनले भने ।

कृष्णको करिब ४-५ वर्षपछि कसरास्थित सेनाको बन्दीगृहमै बिरामी भएर मृत्यु भएको खबर प्राप्त भएको मोक्तान बताउँछन् । "जेलभित्रै बिरामी भएर मृत्यु भएको भन्ने खबर आएको थियो । पुरानो घटना हो, सबै कुरा याद छैन" मोक्तान भन्छन् ।

मृत्यु भए पनि कानुनी प्रक्रियासमेत पूरा नगरी परिवारलाई थाहा नदिनु शंकास्पद भएको मोक्तान बताउँछन् । सशस्त्र द्वन्द्वका बेला अहिले जस्तो बोल्न, सोधीखोजी गर्नसमेत डरमर्दो हुने भएकाले कृष्ण तामाङ बेपत्ता घटना रहस्यमय बनेको मोक्तानले बताए ।

छोराछोरीले होटलमा काम गर्दै घर चलाए

श्रीमान् बेपत्ता भएपछि पाँच सन्तानको पालनपोषणको जिम्मेवारी मनमायाकै काँधमा आयो । घर खर्च चलाउन धौधौ भएपछि महिनौं दिनसम्म नुनपानी खाएर जीवन चलाएको बताउने मनमायाले जेठी र माइली छोरी एवं जेठा छोरा राजुलाई पोखराको होटलमा काम गर्न पठाइन् ।

मनमायाका अनुसार उनीहरू पोखरा जाँदा ८ देखि १२ वर्षका थिए । "होटलमा भाडा माझ्ने र सफाइको काम गरेर उनीहरूले १० वर्षसम्म घर चलाए" मनमाया भन्छिन्, "कान्छा-कान्छीलाई उनीहरूले नै पढाए ।" १० वर्षपछि राजु रमनटार नै फर्किएर निर्माण मजदुरको काम गरेर घर चलाए । अहिले उनी दुबईमा निर्माण क्षेत्रमै "मिस्त्री"को काम गरिरहेका छन् ।

श्रीमान बेपत्ता भएको पिरसँगै अहिले मनमाया छोरालाई विदेश पठाउँदा लागेको डेढ लाख ऋणको अतिरिक्त ऋणको बोझ बोकिरहेकी छन् । "ऋण छ, अभाव छ, त्योभन्दा पनि ठूलो कुरा बेपत्ता श्रीमानको अवस्था थाहा पाउन पाए प्राण राम्ररी जान्थ्यो कि" उनी सोध्छिन्, "युद्ध सकियो, शान्ति सम्झौता भएर लोकतन्त्र आयो, तर मैले आफ्नो बेपत्ता श्रीमानको अत्तोपत्तो कसलाई सोध्ने होला ?"

हेटौंडाका पत्रकार तिमल्सिनाद्धारा लिखित यो सामग्री अनलाइन खबरमा पनि प्रकाशित छ ।

सहीरबर

विविध

२०८१ मंसिर १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

हेटौंडा पाउडर प्लान्ट सञ्चालन 'मोडालिटी' टुंग्याउन अध्ययन समिति

सम्झना घिमिरे

मकवानपुर । एकातिर पाउडर दुध उत्पादन गर्ने प्लान्टको संरचनामात्रै खडा छ, अर्को तिर दुध खपत हुन नसकेकै कारण किसान मिल्क होलिडे खेप्न बाध्य छन् । संरचना तयार हुँदा पनि सञ्चालन मोर्डालिटीमाथि सर्वपक्षिय सहमति हुन नसकेकै कारण पाउडर प्लान थन्किएको छ । यो हालत एक वा दुई महिनादेखिको हैन, विगत दुई वर्षदेखिको हो ।

दुई वर्षदेखि अलपत्र हेटौंडा उपमहानगरपालिका-१० स्थित धुलो दूध कारखाना (पाउडर प्लान्ट) सञ्चालनमा ल्याउन प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमाथि सबैले टीकाटीप्पणी गरिरहेका छन् । मन्त्रालयमा मन्त्रीहरु फेरिइरहेन, सचिव फेरिरहने तर जो आए पनि किसान र उपभोक्ताको हितको लागि यो पाउडर प्लान्ट सञ्चालमा आउन सकेको छैन । प्लान्ट तयार भएर पछि दुग्ध विकास संस्थान (डीडीसी) लाई डेढ वर्षदेखि परीक्षण उत्पादन समेत गरेको थियो । परिक्षण उत्पादन सफल भएको प्रचार भयो तर उद्योग बेवारीसे झै भएको छ ।

तर धुलो दूध कारखानाको जिम्मा कसलाई दिने भन्नेमा मन्त्रालयले ठोस निर्णय लिन सकेको छैन । यसअघि डीडीसीलाई सञ्चालन प्रस्ताव मागेको कृषि मन्त्रालयले फेरि 'अन्तिम पटक' भन्दै अध्ययन समिति गठन गरेको छ । डीडीसीले सञ्चालन कार्यविधि (मोडालिटी) गत असोजमै मन्त्रालयलाई बुझाइसकेको छ । डीडीसीको प्रस्ताव हाल थाती राखेर मन्त्रालयले २७ कात्तिकमा प्रदेश नीति तथा योजना आयोगका कृषि क्षेत्र हेर्ने सदस्य दीपेन्द्र श्रेष्ठको संयोजकत्वमा दुग्ध पाउडर प्लान्ट सञ्चालन मोडालिटी अध्ययन समिति-२०८१ गठन गरेको हो ।

अध्ययन समितिले दिएको सुझाव अनुसार नै धुलो दूध कारखाना सञ्चालन जिम्मेवारी कसलाई दिने भन्ने टुंगो लाग्ने कृषिमन्त्री प्रकाश श्रेष्ठले बताए । समितिमा ६ सदस्य छन् । कृषि मन्त्रालयले सदस्यको नाम भने गोप्य राखेको छ । कारखाना हेर्ने मन्त्रालयको पशुपन्छी विकास महाशाखाले नाम उपलब्ध गराउन चाहेन ।

नवगठित समितिलाई १५ दिनभित्र अध्ययन प्रतिवेदन पेस गर्न समय दिइएको मन्त्रालयका सचिव विनोद भट्टराईले जानकारी दिए । अध्ययन समितिले दिएको सुझावका आधारमा दूध कारखानाको सञ्चालन मोडालिटी टुंगो लगाइने उनले बताए । समितिलाई दिइएको म्याद सकिएको छ, प्रतिवेदनमा के छ अध्ययन बाँकी रहेको भनिएको छ । २७ कात्तिकमा समिति गठन भएकोमा ११ मंसिरमा १५ दिन भइसकेको छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अलपत्र परेको पाउडर प्लान्ट चलाउन यसअघि डीडीसीलाई जिम्मा दिने उद्देश्यले सञ्चालन कार्यविधि सहित प्रस्ताव माग गरेको थियो । मन्त्री श्रेष्ठको अध्यक्षतामा डीडीसीका निमित्त महाप्रबन्धक सूर्य पौडेल सहित गत २६ भदौमा मन्त्रालयमा बसेको कारखाना सञ्चालन सम्बन्धी बैठकले डीडीसीलाई सञ्चालन प्रस्ताव पेस गर्ने निर्णय गरेको थियो ।

डीडीसीले असोज दोस्रो साता अर्थात् दशैंअघि मन्त्रालयलाई प्लान्ट सञ्चालन मोडालिटी सहित प्रस्ताव पेस गरिसकेको छ । डीडीसीका निमित्त महाप्रबन्धक पौडेलले मन्त्रालयलाई प्लान्ट सञ्चालनको विस्तृत विवरणसहित प्रस्ताव पेस गरिएको जानकारी दिए । प्रस्तावमा प्लान्ट सञ्चालनबाट प्राप्त आम्दानी प्रदेश सरकार र डीडीसीबीच बाँडफाँट हुने उल्लेख गरिएको पौडेलले बताए ।

प्लान्टको व्यवस्थापकीय प्राविधिक जिम्मेवारी, दूध लगायत कच्चापदार्थको सहज आपूर्ति, बजारीकरण अवस्थाका विषय प्रस्तावमा समेटिएको उनको भनाइ छ । डीडीसीले प्लान्ट सञ्चालनका लागि जिल्लास्थित जिल्ला दुग्ध उत्पादक सहकारी संघलाई पनि जोड्ने प्रस्ताव गरेको छ । जिल्लामा उत्पादित दूध सहकारी संघमार्फत एकद्वार प्रणालीबाट संकलन र बिक्री वितरण हुँदै आएको छ । "संघबाट दूध खरिद गरेर प्लान्ट सञ्चालन योजना छ । यसो गर्दा हामीलाई दूधको कहिल्यै अभाव हुँदैन । जनकपुरदेखिको दूध हेटौंडा ल्याउन पनि सकिने विषय उल्लेख गरेका छौं" उनले भने । तराईका जिल्लामा उत्पादित दूध विराटनगरस्थित पाउडर लान्ट पुऱ्याउँदा खर्चिलो भएको पौडेलको भनाइ छ । कृषि मन्त्रालयले विस्तृत कार्ययोजना कार्यविधिविना हचुवामै प्लान्ट निर्माण गरेको थियो । कुन मोडालिटीमा उद्योग सञ्चालन गर्ने भन्नेमा टुंगो नलाग्दा उद्योग परीक्षणकालमै सीमित बनिरहेको छ ।

प्लान्ट चलाउने दीर्घकालीन योजना नहुँदा उद्योगको मेसिनरी सामग्रीको जोखिम हुन नदिन मन्त्रालयले कार खानाको अस्थायी सञ्चालन डीडीसीलाई दिँदै आएको छ । आवश्यकता अनुसार डीडीसीले कारखानालाई परीक्षणका रूपमा सञ्चालन गरिरहेको छ । डीडीसीले पाउडर उत्पादन गरिरहेको पौडेलले बताए ।

प्रदेश दुग्ध विकास बोर्डसँग १४ मंसिर र २२ माघ २०८० मा भएको सम्झौता अनुसार डीडीसीले प्लान्टको विगत डेढ वर्षदेखि परीक्षणका रूपमा सञ्चालन गर्दै आएको हो । हेटौंडास्थित पशु आहार उत्पादन उद्योगको साढे १ बिघा क्षेत्रफलमा बागमती प्रदेश सरकारले ४७ करोड ३३ लाख २३ हजार ५ सय ८१ रुपैयाँ लागतमा धुलो दूध कारखाना (पाउडर प्लान्ट) स्थापना गरेको थियो ।

१६ पुस २०७७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको कारखाना निर्माण कार्य एक वर्षभित्र सक्ने गरी इजी इन्फ्रा कम्पनीले ठेक्का सम्झौता गरेको थियो । कम्पनीसँग १ पुस २०७७ मा ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । तीन पटक म्याद थप गरी कारखाना निर्माण भएकाले यसको लागत ६ करोड रुपैयाँ पुगेको मन्त्रालयका योजना महाशाखा प्रमुख तथा प्रवक्ता सुजन कँडेलले बताए ।

निर्माणस्थलको संरचना हटाउन भएको ढिलाइ, कोरोना महामारी लगायत कारण तीन वर्षमा मात्रै संरचना तयार भएको मन्त्रालयका पशुपन्छी विकास महाशाखा अधिकृत आभाष कोइरालाले बताए । कारखाना दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमताको छ । नियमित सञ्चालनमा आए पाउडर प्लान्टबाट प्रतिदिन ५ टन र प्रतिवर्ष १ हजार ५ सय टन धुलो दूध उत्पादन गर्न सकिने मन्त्रालयले जनाएको छ । किसानले उत्पादन गरेको दूधबाट दैनिक ५ टन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य कारखानाको छ ।

बागमती प्रदेशमा वार्षिक ४ लाख ५५ हजार १ सय ४२ टन दूध उत्पादन भइरहेको मन्त्रालयको अनुमान छ । प्रदेशका चितवन, काभ्रे, सिन्धुली, धादिङ र मकवानपुरमा धेरै दूध उत्पादन हुन्छ । प्रदेशका अधिकांश किसान गाईभैंसी पालनबाट आत्मनिर्भर छन् । चितवन, काभ्रे र मकवानपुरमा व्यावसायिक गाईभैंसी फार्म सञ्चालन गर्ने किसान छन् । धुलो दूध कारखाना निर्माण भएयता बागमती प्रदेशमा पाँच जना कृषिमन्त्री बनिसके । प्रदेशको पहिलो कृषिमन्त्री दावादोर्जे लामाकै बेला कारखाना स्थापनाको निर्णय भएको थियो र उनले नै कार्यान्वयनमा लगेका थिए ।

त्यसपछि एमालेका चन्द्रलामा दुई महिना, एकीकृत समाजवादीका बसुन्धरा हुमागाईं डेढ वर्ष, एकीकृत समाजवादीका डा. राजेन्द्रमान श्रेष्ठ र एमालेका प्रकाश श्रेष्ठ मन्त्री बने । विगतका मन्त्रीहरूले जस्तै अहिलेका मन्त्री श्रेष्ठले पनि कारखाना सञ्चालनका लागि तदारुकता देखाएका छन् । यद्यपि, कारखाना सञ्चालन हुने/नहुने अन्योल नै छ ।

उद्योगबाट पाउडर दूधसँगै घिउ पनि उत्पादन गरिने लक्ष्य लिइएको छ । उत्पादित धुलो दूध प्याकिङ दैनिक ५ मेट्रिकटन सात वटै प्रदेशका स्थानीय बजार, होटल र सर्वसाधारण उपभोक्तालाई सहजढंगबाट वितरण गर्ने कार्यतालिकासहित यातायातको सुविधा उपलब्ध गराइने तयारी सुरुवाति समयमा गरिएको थियो अहिले भने सञ्चालन कार्यविधिमै २ वर्ष आलटाल भएरै वित्यो । प्लान्टबाट मधेश प्रदेशका बारा, पर्सा, रौतहट र बागमती प्रदेशको चितवन र मकवानपुरका करिब २२ हजार कृषक परिवारको दैनिक ६० हजार लिटर दूध खरिद गरी दैनिक पाँच मेट्रिकटन धुलो दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य रहेको छ ।

२०२२ सालमा सरकारले पहिलो पटक क्याटल फिड प्लान्टका नाममा उद्योग सुरु गरेको थियो । प्रतिघण्टा दुई मेट्रिक टन दाना उत्पादन गर्ने उद्योगबाट पछिल्लो समय दैनिक सात मेट्रिक टनमात्र उत्पादन हुने गरेको थियो । उत्पादनका मेसिन निकै पुरानो भएको र उधारो उठ्न नसकेपछि सरकारले समिति बिघटन गरेको थियो । यस उद्योगले उत्पादन गरेको पशुआहार छिमेकी जिल्ला बारा, पर्सा, चितवनसहित इलाम, बनेपा र काठमाडौंसम्म लोकप्रिय थियो । २७ असार २०७० मा मन्त्रिपरिषद् बैठकले समिति बिघटन गरी २५ बर्षका लागि उद्योग संस्थानलाई हस्तान्तरण गरिने निर्णयपछि ८ साउन २०७० बाट आधिकारीक रुपमा हेटौंडा दुग्ध वितरण आयोजनालाई उद्योग हस्तान्तरण गरिएको थियो । त्यही उद्योगलाई व्यवस्थित गर्न खोज्दा काम/कार्यविधिको आलटालमै अल्झिदै आएको छ ।



सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ मंसिर १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

मन्त्रालय थपियो संरचना छैन रैथाने बालीमा आकर्षण....

मकवानपुर । आवश्यकतामा आधारित नभइ, भागबण्डा पुऱ्याउनको लागि मात्रै मन्त्रालयहरू फुटाउने परिवारीको हद नाघेको छ ।

सत्तासाझेदारीमा आफ्नो भाग दाबि गर्ने, जनताको काम र आवश्यकतालाई मनन नगर्ने परिपाटीको कारण बागमती प्रदेशमा मन्त्रालयको संख्या १४ पुगेको छ ।बागमती प्रदेश सरकारले सत्तारूढ दलहरुबिच भागबण्डा मिलाउन मन्त्रालय विभाजन गरे पनि भौतिक संरचनाको अभाव देखिएको छ। प्रदेश सरकारले पूर्वतयारी र छलफलविना नै मन्त्रालय विभाजन गर्दा काम कारवाही नै अस्तव्यस्त बनेको हो ।

संघीयता कार्यान्वयनमा आएको ७ वर्ष पूरा हुन लाग्दासमेत बागमती प्रदेश सरकारको आफ्नै भौतिक संरचना निर्माण हुन सकेको छैन । प्रदेश सरकारले हालसम्म पनि मन्त्रालय र सम्बन्धित कार्यालयका लागि भवन व्यवस्थापन गर्न सकेको छैन । सांविक मध्यमाञ्चल विकास क्षेत्र रहँदा क्षेत्रीय कार्यालयहरु कायम रहेका तथा अन्य केही पुराना भवन प्रयोग गरेर प्रदेश सरकारले विभागीय मन्त्रालय र कार्यालयहरु खडा गरेको छ ।

पछिल्लो समय प्रदेश सरकार लाई आवश्यक भौतिक संरचना अभाव हुँदा भूकम्पले क्षति पुगेर भत्काउन तयारी गरिएको भवनमा २ वटा मन्त्रालय राखिएको छ भने २ मन्त्रालयका लागि भाडाका घर खोजी हुँदैछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तत्कालीन जिल्ला विकास समितिको भवनमा छ ।

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित ७ मन्त्रालय स्थापना गरेका थिए । त्यसबेला विभिन्न जिल्लास्तरीय सरकारी कार्यालयको भवन खाली गराएर मन्त्रालय राखिएको थियो भने केही पुराना भवन ढालदुल पारेर काम चलाइयो ।

हाल बागमती प्रदेशमा १४ मन्त्रालय छन् । गठबन्धनमा आवद्ध २ दललाई भागबण्डा मिलाउन मुख्यमन्त्री बहादुर सिंह लामाले मन्त्रालयको संख्या १४ पुऱ्याएका हुन् । त्यसअघि ५ दलको समर्थनमा मुख्यमन्त्री बनेका शालिकराम जम्कट्टेलले १३ मन्त्रालय बनाएका थिए । साउन ९ मा मुख्यमन्त्री बनेका लामाले विना विभागीय मन्त्री मदुकुमार श्रेष्ठलाई जिम्मेवारी तोकेन मन्त्रालयको संख्या बढाएर १४ पुऱ्याएका हुन् ।

तत्कालीन जिविसको पुराना भवनमा दुई मन्त्रालय छन् । २०७२ वैशाखको भूकम्पले चर्काएपछि सो भवन भत्काएर अर्को भवन बनाउने तयारी गरिएको थियो । सो भवन भएको ठाउँमा नयाँ बनाउन डीपीआर तयार गरी बजेटसमेत छुट्टयाएको थियो । भवन भत्काउने भएपछि त्यहाँ रहेको प्रदेश नीति तथा योजना आयोग र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय भाडाका घरमा सरिएको थियो ।

रेड रिठकर ढाँसिएको उक्त भवन भत्काउन ठेक्कासमेत लागि सकेको अवस्थामा मन्त्रालय राख्ने गरी २०७८ मा ठेक्का रद्द गरिएको थियो । सो पश्चात उक्त भवनमा एउटा मन्त्रालय रहेकोमा हाल २ वटा मन्त्रालय राखिएको छ । उक्त भवनमा सरकारले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालय राखेको छ । भवन अभावका कारण २ मन्त्रालय भाडाको घरमा राख्नुपर्ने बाध्यता छ । हाल हेटौंडा ४ मा भाडाको घरमा बरदै आएको संस्कृति तथा पर्यटन मन्त्रालयको भवन साँघुरो भएकाले नयाँ घरको खोजी भइरहेको छ ।

हेटौंडा १६ गौरीटारको खेल मैदान परिसरमा रहेको युवा तथा खेलकुद मन्त्रालय पनि भाडाको घरको खोजीमा छ । प्रदेशको मुकाम्बाट ढाढा रहेको भन्दै मन्त्रालयले हेटौंडाको मुख्य बजार क्षेत्रमा भाडाको घर खोजी गरिरहेको छ ।

त्यसो त दुवै मन्त्रालयले सरकारी भवनमै मन्त्रालय राख्ने भन्दै कृषि थोक बजारका लागि निर्माण भइरहेको संरचना माग गर्दै पत्राचार समेत गरेका थिए । दुवै मन्त्रालयले हेटौंडा ११ स्थित थानामञ्याङमा मन्त्रालय राख्ने गरी भवन उपलब्ध गराउन भन्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग पत्राचार गरेका थिए । मन्त्रालय राख्न भवन उपयुक्त नहेको र कृषि बजारका लागि सटर हालिएका कारण भवन उपलब्ध गराउन नसकिने भन्दै कृषि मन्त्रालयले उक्त प्रक्रिया रोकेको थियो ।

यता प्रदेश सरकारले भवन अभावका कारण एउटै भवनमा ४ वटासम्म मन्त्रालय राखिएको छ । हेटौंडा १ चौकीटोलमा जिल्लास्तरको श्रम कार्यालयका लागि भनेर निर्माण गरिएको भवनमा मन्त्रालयहरु राखिएको हो ।

सो भवनको माथिल्लो तलामा दुरुट लगाएर श्रम, रोजगार तथा यातायात मन्त्रालय राखिएको छ भने तेस्रो र चौथो तलामा कृषि तथा पशुपन्छी विकास मन्त्रालय छ । पहिलो र दोस्रो तलामा भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रयोग गर्दै आएको उक्त भवनको भुइँ तलामा खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय छ ।

व्यवस्था गरेको छ, गाउँपालिका अध्यक्ष दोर्जे लामाले जानकारी दिए । “बालीमा अनुदान पाएपछि कृषकहरु आहिले कोदो, फापर र जुनेलो खेतीतर्फ आकर्षित भएको मकवानपुरगढी गाउँपालिका ३ का वडा अध्यक्ष भागवत घिमिरेले बताए । गाउँपालिका, प्रदेश र संघीय सरकारले रैथाने बालीको प्रवद्धनका लागि अनुदान दिन थालेपछि रैथाने बालीको खेतीतर्फ पालिकाबासीहरु आकर्षित भएका हुन् ।

गत वर्ष मकवानपुर गढीमा ४ सय ५० हेक्टर जमिनमा कोदो खेती गरिएको थियो । अहिले विस्तार भएर ५ सय हेक्टर जमिनमा कोदो खेती गरिएको गाउँपालिकाका कृषि शाखाका प्रमुख गोपाल लम्सालले बताए । ६० हेक्टर जमिनमा फापर खेती गरिएको छ भने ५० हेक्टरमा जुनेलो खेती गरिएको उनले बताए । विगत चार वर्षदेखि संघीय सरकारसँगै गाउँपालिकाले पनि रैथाने बाली कोदोको उत्पादन र उत्पादकत्व वृद्धि गर्न अनुदान दिँदै आएकाले उक्त गाउँपालिकाका करिब ३ सय ५० घर धुरीले कोदो खेती गरेका छन् ।

चालु आर्थिक वर्षका निम्ति गाउँपालिकामा रैथाने बालीको प्रवर्द्धन गर्नका लागि प्रदेश सरकारले १६ लाख र संघीय सरकारले ६ लाख रूपैयाँ अनुदान दिएको छ । उक्त गाउँपालिकाले कोदो, फापर र जुनेलोको बजारीकरण गर्न ब्रान्डिङसहित बजार मा पिठो ल्याएको छ । त्यतिमात्र होइन, कोदो र फापरको खपत बढाउनका लागि स्कुलको दिवा खाजा कार्यक्रममा साताको एक दिन अर्थात् बिहीबार कोदो र फापरका परिकार खुवाउनुपर्ने नियमै बनाइएको छ । दिवा खाजा कार्यक्रममा कोदो र फापर का सेल, हलुवालगायत विभिन्न किसिमका परिकार बनाएर खान दिने गरिएको छ ।

यसैगरी भीमफेदी गाउँपालिकाले गत आवदेखि कोदो खेती गर्ने किसानलाई प्रतिरोपनी ३ हजार ५ सय रूपैयाँ अनुदान दिने व्यवस्था गरेको थियो । “गाउँपालिकाले बजेटमा कोदो खेती गर्ने कृषकलाई अनुदान दिने व्यवस्था गर्ने बित्तिकै कोदो खेती गर्ने कृषकको संख्या बढेको छ” अध्यक्ष हिदम लामाका अनुसार गातवर्ष पनि झण्डै तीन हजार रोपनीमा कोदो रोपिएको थियो ।

अनुदानको व्यवस्था नहुँदा गत आवमा एक हजार रोपनीमा पनि कोदो रोपिएको थिएन । अनुदान पाउने भएपछि कोदो खेतीतर्फ कृषक आकर्षित भएको स्थानीयहरू बताउँछन् । यो गाउँपालिकाले कोदो खेतीको प्रवद्धन गर्न गत आवमा निम्ति ४० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

भीमफेदी मात्रै १ हजार ६० रोपनी जग्गामा दुई सय ६६ किसानले कोदो रोपेका र त्यसबाट एक सय मेट्रिक टन कोदो उत्पादन हुने अनुमान गरिएको छ ।

चालु आर्थिक वर्षमा २० लाख कोदो उत्पादन बढाउन गाउँपालिकाले अनुदानको व्यवस्था गरेको अध्यक्ष लामाले बताए । गतवर्ष अपेक्षा अनुसार मकै उत्पादन नभएकाले कोदोले त्यसको अभाव परिपूर्ति गर्ने कोदो खेती गर्दै आएका किसानहरू बताउँछन् । अनुदान पाएका किसान बाहेक गाउँपालिकाका अन्यले पनि कोदो खेती गर्दै आएका तथा भीमफेदीमा मात्र दुई हजार रोपनीभन्दा बढी क्षेत्रफलमा कोदो खेती भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

गाउँपालिकाको गत वर्ष आर्थिक विकास समितिको निर्णयअनुसार चालु आर्थिक वर्षका लागि कोदोको न्यूनतम समर्थन मूल्य प्रतिकेजी ५५ रूपैयाँ र फापर प्रति केजी १०० रूपैयाँ निर्धारण गरिएको छ ।

यसैगरी मकवानपुरगढी गाउँपालिकाले कार्यक्रम स्वीकृत गरेर कृषि विकास कार्यक्रम तर्फ उत्पादनमा आधारित प्रोत्साहन अनुदान (रैथानेबाली) कार्यक्रम कार्यान्वयन गरेको छ ।

गाउँपालिकाको आर्थिक विकास समितिको निर्णयानुसार रैथानेबाली कोदो र धानकोदो तथा फापर र जुनेलोको मूल्य निर्धारण गरेको छ ।

लैङ्गिक हिंसाबाट सचेत बनौं

शारीरिक हिंसा: ☞ कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

मानसिक हिंसा: ☞ गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसा: ☞ यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबर जस्ती करणी गर्ने, देहव्यापारमा लगाउने,

यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं ।

१३ न. वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर

मानवअधिकारको सम्मान गरौं

☞ मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,

☞ मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ, श्रमानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,

☞ मानवअधिकार उल्लंघन नगरौं, सबैको मानव अधिकारको सम्मान गरौं,

मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

९ न. वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर

हेटौंडा १२ मा हुने उपनिर्वाचन होमिए दलहरु



○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा उपमहानगरपालिका–१२ मा वडाध्यक्ष पदको निर्वाचनमा आफ्नो दलको उम्मेदवार का लागि मत माग्न राजनीतिक दलका नेता-कार्यकर्ताले घरदैलो गरिरहेका छन् ।

यस वडामा माओवादी केन्द्र विरासत जोगाउन कस्सिएको छ भने सत्तारूढ कांग्रेस र एमालेले लोकप्रियता मापनका आधार बनाएका छन् । राप्रपा, रास्वपा र एकीकृत समाजवादीले पनि उपनिर्वाचनबाट आफ्नो दलको हैसियत नाप्न खोजेका छन् ।

२०७९ मा वडाध्यक्षमा निर्वाचित माओवादीका ललित घलान जिल्ला समन्वय समिति प्रमुख भएपछि हेटौंडा-१२ मा उपनिर्वाचन हुन लागेको हो । सत्तारूढ कांग्रेस र एमालेले गत निर्वाचनमा वडाध्यक्ष पदमा हार व्यहोरेका उम्मेदवारलाई नै अहिले पनि अघि सारेका छन् । कांग्रेसबाट अर्जुनप्रसाद तिवारी र एमालेका राजेश नगरकोटीले उम्मेदवारी दिएका हुन् । माओवादीबाट रविन प्रधान उम्मेदवार छन् । आशाबीर वल माओवादी परित्याग गरेर रास्वपाबाट उम्मेदवार बनेका छन् । राप्रपाका प्रेम भ्लोन लामा वडाध्यक्षको दौडमा छन् । २०७९ मा माओवादीका घलान १३ सय ७१ मत प्राप्त गर्दै विजयी भएका थिए । उनका प्रतिस्पर्धी कांग्रेसका अर्जुनप्रसाद तिवारीले १३ सय ४० र एमालेका राजेश नगरकोटीले १३ सय २५ मत प्राप्त गरेका थिए ।

गत निर्वाचनमा पनि यिनै तीन दल बीच कडा प्रतिस्पर्धा थियो, अहिले यिनैबीच प्रतिस्पर्धा हुने देखिएको मकवानपुर बहुमुखी क्याम्पस प्रमुख यम सिलवालले बताए । रास्वपा र राप्रपाले पनि आफ्नो उपस्थिति राम्रै देखाउने अनुमान उनले लगाए ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार यस वडामा ३ हजार ८७८ पुरुष र ४ हजार १७४ महिला मतदाता छन्, २०७९ मा ६ हजार ४६५ मतदाता थिए । त्यतिबेला ६२ प्रतिशतको हाराहारी मत खसेको थियो । वडाको निर्वाचन भए पनि दलका जिल्ला स्तरका नेता-कार्यकर्ता यस वडामा केन्द्रित भएका छन् ।

चिटिक्क बन्दै फुटबल रंगशाला



○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा ६, स्थित गौरीटार रंगशालामा निर्माण भइरहेको रंगशाला हालसम्मको अवस्थामा देशकै दोस्रो ठुलो फुटबल रंगशाला हो ।

बागमती प्रदेश सरकारले पहिलो चरणमा गौरिटारभित्र सुविधा सम्पन्न अन्तराष्ट्रिय मापदण्ड अनुरूपको फुटबल रंगशाला निर्माणलाई प्राथमिकता दिदै तिव्रगतिमा काम अघि बढाएपछि अब रङ्गशाला चिटिक्क देखिदै आएको छ ।

अन्तराष्ट्रिय मापदण्ड अनुरूपमा निर्माणाधीन फुटबल रंगशालाको काम अन्तिम चरणमा पुगेको बागमती प्रदेश खेलकुद परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिए । फुटबल रंगशाला निर्माणको कार्य लगभग अन्तिम चरणमा पुगेको छ ।

गत आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य भएता पनि चालु आर्थिक वर्षको पहिलो चौमासमा निर्माण सम्पन्न गरिने तयारी भएको प्रदेश खेलकुद परिषद्का सदस्यसचिव भण्डारीले बताए । “राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरु सञ्चालन गर्ने परिषद्को लक्ष्य छ”, सदस्यसचिव भण्डारीले भने “फुटबल र गशाला देशकै पहिलो प्रविधियुक्त र दशरथ र शालापछिको ठूलो रंगशाला बन्नेछ ।” फुटबल र गशाको करीब ९५ प्रतिशत काम सम्पन्न भईसकेको भण्डारीले बताए । रंगशालाभित्र ४ हजार ५०० दर्शक क्षमताको प्याराफिट निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ ।

प्रत्येक वर्ष हुदै आएको “राष्ट्रिय ए डिभिजन लिग” फुटबल प्रतियोगिताका केही खेलहरु काठमाडैमा मात्र हुदैं आएकोमा परिषद्ले उक्त प्रतियोगिताका केही खेलहरू निर्माणाधीन रंगशालामा गर्ने र अन्तराष्ट्रिय खेल समेत गर्न सक्ने लक्ष्य सहित तीव्र गतिमा काम गरिरहेको उनले बताए ।

रातको समयमा समेत फुटबल प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरि रंगशाला निर्माण गरिरहेको छ । रंगशाला भित्र खेलाडीहरूका लागी छुट्टै कोठाहरू, आवास गृह, सुविधा सम्पन्न शौचालयहरू,मिडिया सेन्टरका लागी विशेष कक्ष, प्रतियोगिता सञ्चालनको क्रममा हुनसक्ने सम्भावित दुर्घटना र खेलाडीलाई लाग्नसक्ने चोटपटकको उपचार का निम्ति चिकित्सक बस्ने छुट्टै कक्ष लगाएत थुप्रै पूर्वाधारहरू बन्नेछ । फुटबल रंगशाला निर्माण सम्पन्न गर्न करिब ३० करोड खर्च लाग्ने बताईएको छ ।

१६ वर्ष अगाडि शिलान्यास गरिएको यो केन्द्रीय खेलकुद प्रशिक्षण प्रतिष्ठान (गौरिटार रंगशाला) मा पूर्वाधारका संरचना निर्माण सकिदै गर्दा आकर्षक पनि देखिन थालेको छ ।

निर्माणाधीन अन्तर्राष्ट्रिय मापदण्डको क्रिकेट रंगशाला, पौडी पोखरीलगायतका पूर्वाधार निर्माणको कार्यले गति लिएको प्रदेशको युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले बताए । उक्त रंगशाला २५ करोड रुपैयाँ लागतमा बनेको हो । महर्जनले यसैसाता निर्माणाधीन पूर्वाधारको स्थलगत निरीक्षण गर्दै प्रगती विवरणबारे जानकारी लिएका थिए ।

मन्त्री महर्जनले सम्बन्धित निर्माण व्यवसायी कम्पनीलाई निर्माण कार्य समयभित्रै सम्पन्न गर्न निर्देशन दिएका छन् । उनले गुणस्तरलाई विशेष ध्यान दिन आग्रह गरे । प्रदेश सरकारले खेलकुद क्षेत्रको विकासका लागि स्तरीय खेलकुदका संरचनासँगै खेलाडी प्रोत्साहनमा समेत काम गर्ने लक्ष्य लिएको उनले बताए । निर्माणाधीन रंगशाला निरीक्षणका क्रममा युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनलगायत ।

राज्यका निकायका कमिकमजोरी र निर्माणको जिम्मा लिएको कम्पनीले समयमै काम सम्पन्न नगर्दा लामो समयदेखि पूर्वाधार निर्माणको काम अघि बढ्न सकेको थिएन । मन्त्री महर्जनले सम्बन्धित कार्यालय र निर्माण व्यवसायी कम्पनीलाई पटक-पटक ताकेता गरेपछि निर्माणको कामले गति लिएको दाबी गरे ।

प्रदेश सरकारले गत आर्थिक वर्ष २०८०/०८१ देखि क्रिकेट रंगशाला निर्माणका लागि १२ करोड र स्विमिङ पुल निर्माणको लागि ९ करोड रुपैयाँ विनियोजन गरेर निर्माण थालेको थियो । रंगशालामा पहिलो चरणमा ६ सयभन्दा बढी दर्शक क्षमताको एउटा प्याराफिटसहित ५ वटा पिच, ७० मिटर रेडिएशनको ग्राउण्ड भीभीआइपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रुम, टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गतामैत्री क्षेत्र, पार्किङलगायतका संरचना निर्माण हुने परिषद्ले जनाएको छ ।

केन्द्रीय खेलकुद प्रतिष्ठानका रुपमा विकास गर्ने गरी तत्कालिन समयमा खेलकुद परिषद्ले खेलकुदका संरचना निर्माणको थालनी गरेको थियो । बजेटले निरन्तरता पाउन नसक्दा १६ वर्षसम्म यो रंगशाला निर्माणको कार्यले गति लिन सकेको थिएन । २८ जेठ ०६४ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले रंगशालाको शिलान्यास गरेका थिए ।

शिलान्यास पछि संघीय सरकारले रंगशालाकलाई घेर्न कम्पाउण्ड वाल र खेलाडी छात्रछात्राबास मात्रै निर्माण गरेको थियो । उक्त भवनमा हाल खेलकुद मन्त्रालय र प्रदेश खेलकुद परिषद् बसेका छन् । प्रदेश सरकार आएपछि अलपत्र गौरिटार रंगशालाको काम अगाडि बढेको हो ।

लैङ्गिक हिंसाबाट सचेत बनौं

शारीरिक हिंसा: ☞ कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

मानसिक हिंसा: ☞ गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसा:

☞ यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने,

यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कानुनद्वारा प्रतिबन्धित लागुऔषधहरुको प्रयोग नगरौं, आफ्ना बालबालिकाहरुको साथी संगतमाथि निगरानी राखौं ।

सभ्य र सिर्जनशील समाज निर्माणमा योगदान गरौं ।

लोकहितको लागि ww.saheekhabar.com